# स्थानीय राजपत्र

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाद्वारा प्रकाशित

खण्ड २ बुटवल, कार्तिक २७ गते, २०७५ साल संख्या ६

बुटवल नगरकार्यपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ३ को उपदफा (१) बमोजिम बुटवल उपमहानगरपालिकाको नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको निर्देशिका सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## भाग ३

### बुटवल उप-महानगरपालिकाको
### स्थानीय बजार व्यवस्थापन तथा अनुगमन निर्देशिका
२०७५

**प्रस्तावना**

नेपालको संविधान बमोजिम देशमा संघीय संरचना स्थापना भइसकेको र स्थानीय सरकारहरु आ आफ्नो तहमा सरकार संचालनको विविध प्रक्रियामा अघि बढिरहेको परिप्रेक्षमा उपभोक्ताको हित संरक्षण गर्ने प्रयोजनका लागि बजार अनुगमन गर्ने दायित्व स्थानीय तहलाई तोकिएकोले उपभोक्ताको स्वास्थ्य, सुविधा र आर्थिक हित कायम राख्न, उपभोग्य वस्तु वा सेवाको गुणस्तर, परिमाण एवम् मूल्यको अनियमितताबाट उपभोक्तालाई संरक्षण प्रदान गरी खाद्य सम्प्रभुता स्थापना गर्न, वस्तु वा सेवाको उत्पादन स्थल वा भन्सार विन्दु, ढुवानी मार्ग, भण्डारण तथा संचय स्थल, थोक तथा खुद्रा बिक्री स्थल र उपभोग्य स्थल लगायतका ठाउँहरुमा वस्तु वा सेवा प्रदायक वा बिक्रेताको व्यवसायिक कारोवारको दर्ता, नवीकरण, खारेजी, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, विज्ञापन लगायतका व्यापारिक क्रियाकलापको नियमन गर्न आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) (ञ) ले दिएको अधिकार कार्यान्वयन गर्न प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ३ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम बुटवल उप-महानगरपालिकाको लागि देहाय बमोजिमको स्थानीय बजार व्यवस्थापन तथा अनुगमन निर्देशिका- २०७५ पारित गरी लागु गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यस निर्देशिकाको नामः बुटवल उप-महानगरपालिकाको बजार अनुगमन निर्देशिका, २०७५" रहेको छ ।

(ख) यो निर्देशिका नगर कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ ।

२. परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "अनुगमन टोली" भन्नाले बुटवल उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालयले विषय विज्ञ सहित गठन गरेको बजार अनुगमन टोली सम्झनु पर्दछ ।

(ख) "उपभोक्ता हित संरक्षण समिति" भन्नाले उप-महानगरपालिकाका उप-प्रमुखको संयोजकत्वमा गठित समिति बुझ्नु पर्दछ ।

(ग) "कार्यालय"भन्नाले उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनुपर्दछ ।

(घ) "प्रदायक" भन्नाले वस्तु वा सेवाको उत्पादक, आयातकर्ता, भण्डारण वा विक्री वितरण गर्ने व्यक्ति वा संस्था सम्झनु पर्दछ ।

(ङ) "वस्तु" भन्नाले उपभोक्ताले उपभोग वा प्रयोग गर्ने वस्तुको संमिश्रणबाट बनेको पदार्थ सम्झनु पर्दछ र सो शब्दले उपभोग्य वस्तुको निर्माणमा प्रयोग हुने कच्चा पदार्थ, रङ्ग, सुगन्ध वा रसायनलाई समेत जनाउँछ ।

(च) "विक्रेता" भन्नाले वस्तु वा सेवाको उत्पादक, पैठारीकर्ता, थोक वा खुद्रा विक्रेता, सेवा प्रदायक सम्झनु पर्दछ । सो शब्दले होटल, लज, होस्टेल, खाजाघर संचालक आदिलाई समेत जनाउने छ ।

(छ) "स्थानीय सरकार" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम सञ्चालन भएको बुटवल उप-महानगरपालिका नगर कार्यपालिका लगायतका स्थानीय तहका सरकारलाई सम्झनु पर्दछ ।

(ज) "सेवा"भन्नाले व्यावसायिक सेवा, सञ्चार सेवा, निर्माण तथा इन्जिनियरिङ सेवा, वितरण सेवा, शिक्षा सेवा, वातावरणीय सेवा, वित्तीय सेवा, स्वास्थ्य र सामाजिक सेवा, पर्यटन सेवा, मनोरञ्जन तथा खेलकुद सेवा, यातायात सेवा लगायतका दस्तुर वा पारिश्रमिक लिई वा नलिई प्रदान गरिने सम्पूर्ण सेवाहरुलाई सम्झनु पर्दछ ।

(झ) "समिति" भन्नाले उपभोक्ता हित संरक्षण समितिलाई सम्झनु पर्दछ ।

(ञ) "कसुर" भन्नाले निर्देशिकाको दफा १४ मा उल्लेखित कार्यलाई सम्झनुपर्छ ।

(ट) "उपभोक्ता" भन्नाले कुनै उपभोग्य बस्तु वा सेवा उपभोग वा प्रयोग गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ ।

(ठ) "उत्पादन" भन्नाले उपभोग्य बस्तु बनाउने, तयार गर्ने, प्रशोधन गर्ने, प्याकिङ्ग गर्ने, वा पुनः प्याकिङ्ग गर्ने वा लेवल लगाउने प्रक्रिया वा सो सम्बन्धमा अपनाइने सम्पूर्ण वा कुनै पनि प्रक्रिया सम्झनु पर्छ ।

(ड) "लेवल" भन्नाले उपभोग्य वस्तुको पहिचान, उत्पादन र उपभोगको समय अवधि समेत देखिने प्रिन्टेड छापलाई जनाउँछ ।

(ढ) “अनुचित व्यापारिक क्रियाकलाप” भन्नाले कानूनले निषेध गरेको कुनै पनि गैर कानूनी कार्यलाई जनाउँछ ।

## परिच्छेद-२

## उपभोक्ता हित संरक्षण समिति

३. उपभोक्ता हित संरक्षण समिति :

उपभोक्ताको हित संरक्षण सम्बन्धी बिषयमा आवश्यक नीतिगत व्यवस्था गर्न तथा बजार अनुगमन कार्यलाई मार्गदर्शन एंव समन्वयको लागि बुटवल उप-महानगरपालिकाको नगर कार्यपालिकाले उपभोक्ता हित संरक्षण समितिको गठन गर्नेछ ।

४. उपभोक्ता हित संरक्षण समितिको गठन देहाय अनुसार हुने छ :

(क) बुटवल उपमहानगरपालिकाका उप-प्रमुख - संयोजक

(ख) बुटवल उप-महानगरपालिकाको आर्थिक समितिका संयोजक - सदस्य

(ग) संघीय सरकारको जिल्ला स्थित जिल्ला प्रशासन/इलाका प्रशासन कार्यालयका अधिकृत प्रतिनिधि - सदस्य

(घ) प्रदेश सरकारका उपभोक्ता हितसँग सम्बन्धित कार्यालयका अधिकृत प्रतिनिधि - सदस्य

(ङ) विषयगत क्षेत्रका विज्ञका रुपमा विषयगत कार्यालयका एक जना प्रतिनिधि - सदस्य

(च) बुटवल उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालयका कानून शाखा प्रमुख - सदस्य

(छ) उपभोक्ता हित संरक्षणमा क्रियाशिल संस्थाका प्रतिनिधि मध्येबाट एक जना - सदस्य

(ज) बुटवल उप-महानगरपालिका नगर कार्यपालिकाका सदस्य एक जना - सदस्य

(झ) उद्योग वाणिज्य क्षेत्र सँग सम्बन्धित संघ संस्थाहरु मध्येबाट नगर कार्यपालिकाले मनोनयन गरेको सदस्य एक जना - सदस्य

(ञ) नेपाल पत्रकार महासंघको जिल्ला स्थित प्रतिनिधि - सदस्य

(ट) बजार व्यवस्थापन तथा अनुगमन हेर्ने महाशाखा/शाखाका प्रमुख - सदस्य सचिव

**स्पष्टीकरण:**

विषयगत क्षेत्र भन्नाले अनुगमन गर्ने कार्यका निमित्त समयमा सम्वन्ध राख्ने क्षेत्र जस्तैः खाद्य तथा गुणस्तर, औषधि, जनस्वास्थ्य, उद्योग वाणिज्य, यातायात, शिक्षा, आयल निगम हेर्ने निकाय तथा अन्य अनुगमन कार्यसँग सम्बन्धित शाखा/निकायका प्रतिनिधि समेतलाई सम्झनु पर्छ । साथै संयोजकले बढीमा ३ जनासम्म विज्ञलाई बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

४. **समितिको कार्य क्षेत्र** : बुटवल उप-महानगरपालिकाको सम्पूर्ण वडा भित्र र सिमा जोडिएका स्थानीय तहहरुसँग अन्तरसम्बन्ध रहने बस्तु वा व्यवशायका सम्बन्धमा ती तहहरुसँग समेत समन्वय गरी उत्पादन, बिक्री वितरण हुने वस्तु वा सेवाका क्षेत्रहरु समितिको क्षेत्राधिकार अर्न्तगत पर्ने छन् ।

५. **उपभोक्ता हित संरक्षण समितिको काम कर्तव्य र अधिकार**

(क) उपभोक्ता हित संरक्षणको लागि आबश्यक नीतिगत ब्यवस्था गर्ने ।

(ख) अत्यावश्यक बस्तुहरुको माग र आपूर्तिको अवस्था सम्बन्धी तथ्याङ्क संकलन गर्ने ।

(ग) समितिले यस निर्देशिकाको बुँदा ८ (२) अनुसार गठित अनुगमन टोलीद्वारा अनुसूची-१ मा उल्लेख भए अनुसार प्रस्तुत गरेको बजार अनुगमन सम्बन्धी प्रतिवेदन माथि विश्लेषण गरी आवश्यक निर्देशन दिने ।

(घ) उपभोक्ताको हित संरक्षण गर्न आपूर्ति व्यवस्था र उपभोग्य वस्तु वा सेवाको छड्के अनुगमन गर्ने ।

(ङ) बजारअनुगमन सम्बन्धी कामको मूल्याङकन गरी अनुगमन टोलीलाई आवश्यक निर्देशन गर्ने ।

(च) बुटवल उप-महानगरपालिका नगर कार्यपालिकाले दिएको अन्य निर्देशन र आदेशको कार्यान्वयन गर्ने, गराउने ।

(छ) उपभोक्ता हित विपरीत भएका कार्यमा आवश्यक कानूनी कारवाहीको लागि निरीक्षण वा अनुसन्धान अधिकृत तोक्ने ।

ज) वडाहरुमा भएको अनुगमन प्रभावकारी रहे नरहेको विश्लेषण गरी कार्यपालिकालाई आवश्यक सुझाव दिने ।

तर कसैले प्रस्तावनामा उल्लेखित ऐन नियम तथा यो निर्देशिका विपरीत कार्य गरेको छ वा गर्दैछ र तत्काल उपयुक्त निर्णय गरी नियन्त्रणमा नलिने हो भने दोषीले प्रमाण लुकाई कसुर छिपाउन सक्दछ भन्ने लागेमा संयोजकले तत्काल उपयुक्त सदस्य र सरोकारवालालाई जानकारी गराई अनुगमन गरी बैठकमा जानकारी गराउन सकिने छ । यसले यस निर्देशिकाका अन्य कुरा र वडाको अनुगमन टोलीको क्षेत्राधिकारमा समेत असर परेको मानिने छैन ।

६. **उपभोक्ता हित संरक्षण समितिको बैठक सम्बन्धी कार्यबिधि** : उपभोक्ता हित संरक्षण समितिको बैठक कम्तीमा महिनामा एक पटक बस्नेछ । समितिको बैठकले आफ्नो कार्यविधि आफै तय गर्नेछ ।

## परिच्छेद -३

## बजार अनुगमन सम्बन्धी व्यवस्था

७. वस्तु वा सेवाको दर्ता, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल लगायतका व्यापारिक क्रियाकलापलाई उपभोक्ता मैत्री बनाउन नगर कार्यपालिकाले निम्न व्यवस्था गर्ने छ ।

(क) गुणस्तरीय उपभोग्य वस्तु तथा सेवाको सहज र सर्वसुलभ आपूर्ति हुने वातावरणको सुनिश्चितता सहित उपभोक्ताको हक र हितको संरक्षण गर्न नियमित र प्रभावकारी बजार अनुगमनको व्यवस्था गर्ने ।

(ख) बजार प्रणालीलाई प्रतिस्पर्धी र उपभोक्ताप्रति जिम्मेवार तुल्याउन प्रचलित कानूनको कार्यान्वयनमा जोड दिने ।

(ग) उपभोक्ता शिक्षा सम्बन्धी सचेतना र बजार अनुगमनको कार्ययोजना तयार गरी उपभोक्ता हित संरक्षणको विषयलाई प्राथमिकतामा राख्ने ।

(घ) उपभोक्तालाई सचेत र जागरुक तुल्याउन वडास्तरदेखि नै उपभोक्ता सचेतना लगायतका कार्यक्रमहरु सञ्चालन गर्ने ।

(ङ) आफ्नो क्षेत्राधिकार अन्तर्गत स्थापित वा संचालित उद्योग व्यवशायको दर्ता, नवीकरण, बिल विजक तथा बिक्रीको लागि राखिएका मालवस्तु, नापतौल, गुणस्तर, लेबल, आपूर्ति, मूल्यसूचि आदिको अनुगमन गर्ने ।

(च) तरकारी, फलफूल, माछा, मासु, मिठाई पसल, डेरी, होटल लगायतका खाद्य वस्तुको बिक्री स्थलको मापदण्ड तोक्ने, फलफूल तथा तरकारी बजार र वधशालाको व्यवस्था गर्ने ।

(छ) उपरोक्त कार्य गर्दा आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका संघ संस्था निकाय वा व्यक्तिहरुसँग समन्वय गरी कार्य गरिने छ ।

**८. बजार अनुगमन टोली गठन :**

१. वस्तु वा सेवा प्रदायक व्यवशायको दर्ता, नवीकरण, आपूर्ति, मूल्य, नापतौल, गुणस्तर, विज्ञापन लगायत व्यापारिक त्रियाकलापको नियमित एंवम् आकस्मिक अनुगमनको लागि उप-महानगरपालिकाले बजार अनुगमन टोली गठन गर्नेछ । अनुगमन टोलीहरुको इकाई प्रत्येक वडा तहमा रहनेछ । वडा तहमा रहने अनुगमन टोलीको संयोजक सम्वन्धित वडाको वडा अध्यक्ष हुनेछ ।

२. बुँदा ८ (१) बमोजिम गठन हुने अनुगमन टोलीमा देहाय बमोजिमको पदाधिकारीहरु रहने
छन् ।

(क) अनुगमन गर्ने वडाका वडा अध्यक्ष - संयोजक

(ख) बुटवल उपमहानगरपालिकाको उपभोक्ता हित संरक्षण हेर्ने शाखाको प्रमुख - सदस्य

(ग) अनुगमन गर्ने विषय क्षेत्रसँग सम्बन्धित क्षेत्रको प्रतिनिधि - सदस्य

(घ) स्थानीय प्रशासनको प्रतिनिधि - सदस्य

(ङ) स्थानीय सुरक्षा निकाय (नेपाल प्रहरी/प्रदेश प्रहरी)को प्रतिनिधि - सदस्य

(च) उपभोक्ता हित संरक्षणमा क्रियाशिल संस्था वा ब्यक्तिहरु मध्येबाट वडा समितिद्वारा मनोनित एक जना - सदस्य

(छ) उद्योग वाणिज्यसँग सम्बन्धित संस्थाका प्रतिनिधि एक जना - सदस्य

(ज) पत्रकार महासंघ प्रतिनिधि एक जना - सदस्य

३. अनुगमन टोलीमा बुँदा नं. २ का कम्तीमा ५ जना प्रतिनिधि संलग्न भइ बजार अनुगमन सम्बन्धी कार्य गरिने छ । तर कुनै विषयगत क्षेत्रको अनुगमन गर्ने कार्यमा सम्बन्धित विषयगत क्षेत्रको विज्ञ अनिवार्य रुपमा समावेश गराउनु पर्ने छ ।

४. उपभोक्ता हित संरक्षण हेर्ने शाखाले मासिक रुपमा तोकिएको ढाँचामा बजार अनुगमनको एकीकृत प्रतिवेदन कार्यालयमा पेश गर्नु पर्नेछ ।

**९. बजार अनुगमन टोलीको काम, कर्तव्य र अधिकार :**

बुँदा नं. ८ (१) बमोजिम गठित बजार अनुगमन टोलीले अनुसूचि २ बमोजिमका क्षेत्रमा प्रचलित कानून बमोजिम देहाय अनुसारका कार्यहरु गर्नुपर्नेछ ।

(क) बजार अनुगमनको पूर्व कार्ययोजना र मासिक अनुगमन कार्यतालिका बनाई स्वीकृतिको लागि समितिमा पेश गर्ने ।

(ख) स्वीकृत कार्ययोजना बमोजिम नियमित रुपमा बजार अनुगमन गर्ने र आवश्यकता बमोजिम आकस्मिक वा विशेष अनुगमन गर्ने ।

(ग) उत्पादक वा बिक्रेताले वस्तु वा सेवाको दर्ता, आपूर्ति, बिक्री मूल्यसूचि, गुणस्तर, नापतौल, विज्ञापन लगायतका व्यापारिक क्रियाकलापको कसरी प्रयोग गरेको छ, अनुगमन गर्ने ।

(घ) कालोबजारी, एकाधिकार (सिन्डिकेट), मिलीमतोपूर्ण मूल्य निर्धारण (कार्टेलिङ्ग), कृत्रिम अभाव तथा बजार प्रवेशमा अवरोध गर्ने जस्ता गैर प्रतिस्पर्धी व्यापारिक क्रियाकलाप भए/नभएको अनुगमन गर्ने ।

(ङ) कुनै वस्तुको अनुचित व्यापारिक क्रियाकलाप (मिसावट वा गुणस्तरहिन र कम तौल भएको) फेला परेमा आवश्यकता अनुसार त्यस्ता वस्तु जफत गर्ने, नष्ट गर्ने, कारोवार रोक्का गर्ने वा बन्द गर्ने र कारवाहीको लागि लेखि पठाउने लगायतका कार्य गर्ने ।

(च) उपभोक्ता हित संरक्षण समितिबाट समय-समयमा दिइएका निर्देशन एवम् आदेश बमोजिमका कार्य गर्ने ।

(छ) बजार अनुगमन प्रतिवेदन सोही दिन कार्यालयमा पेश गर्नु पर्नेछ ।

तर कसैले प्रस्तावनामा उल्लेखित ऐन, नियम तथा यो निर्देशिका विपरीत कार्य गरेको छ वा गर्दैछ र तत्काल उपयुक्त निर्णय गरी नियन्त्रणमा नलिने हो भने दोषीले प्रमाण लुकाई कसुर छिपाउन सक्छ भन्ने लागेमा संयोजकले नगर कार्यपालिकाको बजार अनुगमन शाखामा जानकारी गराई तत्काल उपयुक्त सदस्य र सरोकारवालाको साथ लिई अनुगमन गरी सो कुरा बैठकमा जानकारी गराउन सकिने छ । यसले यस निर्देशिकाका अन्य कुरामा असर परेको मानिने छैन ।

१०. **बजार अनुगमन कार्यविधि :**

१. बजार अनुगमन टोलीले बजार अनुगमन गर्दा अनुसूचि ३ बमोजिम ढाँचामा कार्य गर्दा निम्न विषयमा विशेष ध्यान दिनु पर्ने छः

(क) बिक्रेता वा सेवा प्रदायकले नियामक निकायबाट कानून बमोजिम प्रदान गरिने गरेको व्यवसाय दर्ता प्रमाण-पत्र, स्थायी लेखा नम्बरको प्रमाण-पत्र, खाद्य अनुज्ञा-पत्र, औषधि पसल दर्ता प्रमाण-पत्र लगायतका आवश्यक कागजातहरु लिएको छ/छैन हेर्ने । साथै प्रमाणपत्र नियमित रुपमा नवीकरण भए/नभएको हेर्ने । स्वीकृति नलिएको देखिएमा कारोबार बन्द गर्ने र नवीकरणको हकमा बढीमा ७ दिन भित्र सो कार्य गरी कार्यालयमा पेश गर्न लिखित निर्देशन दिने ।

(ख) बिक्रेता वा सेवा प्रदायकले आफ्नो व्यवशायको साइनबोर्डमा दर्ता नं. उल्लेख गरी राखेको छ छैन हेर्ने । नराखेको भए ३ (तीन) दिनभित्र साईनवोड राखी प्रमाण सहित कार्यालयमा जानकारी दिन लिखित निर्देशन दिने ।

(ग) सेवा प्रदायकले वस्तुको विक्री कक्षमा मूल्य सूची राखेको छ/छैन हेर्ने । नराखेको भए ३

(तीन) दिन भित्र प्रमाण सहित कार्यालयलाई सो को जानकारी दिन लिखित निर्देशन दिने ।

(घ) माल, वस्तुको परिमाण, मूल्य, गुणस्तर र तौल ठिक छ/छैन हेर्ने ।

(ङ) प्याकेजिङ्ग गरिएको वस्तुको लेबलमा उत्पादक वा पैठारीकर्ताको नाम, उत्पादन मिति, उपभोग्य अवधि वा मिति, अधिकतम खुद्रा मूल्य, मिश्रण, भण्डारण र उपभोग गर्ने तरिका उल्लेख गरिएको छ/छैन हेर्ने ।

(च) औषधि वा औषधियुक्त पदार्थ भए सो को प्याकिङ्ग प्रयोग गर्ने तरिका उल्लेख छ/छैन हेर्ने । औषधिविज्ञ (फार्मासिष्ट) औषधी बिक्री स्थलमा भए नभएको एवं औषधी विक्रेता प्रमाणपत्र समेत हेर्ने ।

(छ) उपभोग्य मिति नाघेको वस्तुहरु फेला परेमा नष्ट गर्ने ।

(ज) उत्पादन मिति, उपभोग्य मिति केरमेट गरेको वा पुनः लेबलिङ्ग वा छपाई गरेको छ, छैन हेर्ने । पुनःलेबलिङ्ग वा छपाई गरेको पाईएमा त्यस्तो वस्तु जफत गर्ने, वस्तुको मुचुल्का गरी नष्ट गर्ने ।

(झ) माछा, मासु, फलफूल, तरकारी, मिठाई पसल, डेरी र बधशाला वा माछा मासु विक्री स्थल सफासुग्घर र मापदण्ड अनुसार छ, छैन नभएमा कसुरको प्रकृति अनुसार सजग गराउने वा चेतावनी दिने तथा अटेरी गरेमा बन्द गरी कनूनी कारवाही प्रक्रिया बढाउने, तोकिए बमोजिम दण्ड जरिवाना गर्ने ।

(ञ) विक्रेता वा क्रेतालाई वस्तुको विल विजक जारी गरेको छ, छैन हेर्ने र विल विजक जारी अनिवार्य गर्न निर्देशन दिने ।

२. उपमहानगरपालिकाले अनुसूची-२ मा उल्लेखित वस्तु र सेवाको अनुगमन गर्न उपभोक्ता हित संरक्षण हेर्ने शाखालाई लिखित कार्य विवरण तोक्नु पर्नेछ । सोही आधारमा बजार अनुगमन टोलीले बजार अनुगमन सम्बन्धी कार्य गर्नु पर्नेछ ।

११. **अनुगमन टोलीलाई सहयोग गर्नु पर्ने** : प्रत्येक उद्योगी, व्यापारी तथा कुनै पनि व्यवशायी र सरोकारवालाले अनुगमन गर्न चाहेको स्थान र सामानको जुनसुकै समयमा अनुगमन हुन सक्ने र सो कार्यमा सहयोग गर्नु निजहरुको कर्तव्य हुने छ । सो कार्यमा असहयोग गर्ने, वा बाधा श्रृजना गर्नेलाई कारवाही गर्ने र नियन्त्रणमा लिई अनुसन्धानमा पठाउन लगाउने अधिकार अनुगमन टोलीमा रहनेछ ।

## परिच्छेद-४
## अनुगमन सम्बन्धी प्रक्रिया

**१२. अनुगमनको पूर्व तयारी :**

अनुगमन टोलीले अनुगमन गर्नु पूर्व देहायको तयारी गर्नु पर्नेछ :

(क) निरीक्षण वा अनुगमनमा जानु पूर्व अत्यावश्यक वस्तु तथा सेवाको प्राथमिकताको सूची तयार गर्नुपर्ने छ ।

(ख) अनुगमनमा जाँदा अनुगमन गरिने वस्तु वा सेवासँग सम्बन्धित ऐन नियमहरु, विवरण र अनुगमनका क्रममा हेरिनु पर्ने विषयहरुको विवरण (चेकलिस्ट) साथै लिई जानुपर्नेछ ।

(ग) वस्तु तथा सेवाको आपूर्ति, विक्री, वितरण, मूल्य, गुणस्तर आदिको बारेमा प्रर्याप्त सूचना र जानकारी हासिल गर्नुपर्नेछ।

(घ) अनुगमन वा निरीक्षण गर्न जानु अगावै तालिका बनाई आवश्यक पर्ने साधन सुरक्षा आदिको पूर्व तयारी गर्नुपर्नेछ।

**१३. बजार अनुगमन गर्ने प्रक्रियाः**

(क) बजार अनुगमन गर्दा अनुगमनमा खटिई जाने व्यक्तिले आफ्नो परिचय पत्र देखाई बजार अनुगमन गर्नुपर्नेछ। सम्बन्धित व्यवसायीले बिना कुनै अवरोध अनुगमन गर्न दिनु निजको कर्तब्य हुनेछ।

(ख) बुँदा नं. १३ (क) बमोजिम बजार अनुगमन गर्दा सम्बन्धित व्यवसायीले बाधा बिरोध गरेमा प्रचलित कानून बमोजिम कारवाहीको लागि सम्बन्धित निकायमा अनुरोध गर्न वा लेखी पठाउन सक्नेछ।

(ग) अनुगमन टोलीले बजार अनुगमन गर्दा वस्तु वा सेवाको नमुना दशी संकलन गर्नुपर्ने देखिएमा प्रचलित कानून बमोजिम नमूना संकलन गरी सो को यथार्थ विवरण खुलाई मुचुल्का तयार गरी व्यवशायीको दस्तखत गराउनुपर्ने छ। सम्बन्धित व्यवसायीले मुचुल्कामा दस्तखत गर्न नमानेमा सोही व्यहोरा जनाई उपस्थित व्यक्तिहरुको रोहवरमा मुचुल्का खडा गरी आवश्यकता अनुसार सिलबन्दी समेत गरी परीक्षणको लागि यथासिघ्र सम्बन्धित निकायमा नमूना सहित लेखी पठाउनुपर्नेछ।

(घ) अनुगमन टोलीले बजार अनुगमन गर्दा तत्काल केही सुधार गर्नुपर्ने देखेमा सम्बन्धित व्यवसायीलाई अवधि तोकी स्थलगत लिखित निर्देशन दिई सुधार गर्न लगाउन सक्नेछ।

(ङ) बजार अनुगमन टोलीले बजार अनुगमन गर्दा कुनै वस्तु तत्काल नष्ट नगरे जनस्वास्थ्यमा असर पर्ने देखिएमा त्यस्ता वस्तुको नमूना संकलन गरी प्रमाणको रुपमा सुरक्षित राखी अन्य प्रचलित कानून बमोजिम आवश्यक प्रक्रिया पुऱ्याई सम्बन्धित व्यवसायी र उपस्थित व्यक्तिहरुको रोहवरमा मुचुल्का खडा गरी वातावरणमा असर नपर्ने गरी त्यस्तो वस्तु नष्ट गर्नुपर्नेछ। संकलित नमूना आवश्यकता अनुसार परीक्षणका लागि प्रयोगशालामा पठाउन सकिनेछ।

**(१४) कसुर तथा दण्ड जरिवाना :**

(क) बजार अनुगमन टोलीले बजार अनुगमन गर्दा सेवा वा वस्तु राखेको स्थानको अनुसूचि ४ अनुसार जाँचबुझ वा खानतलासी गर्न सक्नेछ। खानतलासीबाट वस्तु वा सेवाको विक्री वितरणमा अनुचित वा अनियमित कार्य गरेको पाइएमा आवश्यकता अनुसार त्यस्तो सेवा वा वस्तुको प्रयोग वा बिक्री, वितरणमा रोक लगाउन सक्नेछ तथा त्यस्ता बस्तु अनुगमन टोलीले कब्जामा लिई नियमानुसार कार्यवाही बढाउने छ।

(ख) अनुगमन गर्दा कुनै कानूनी कारवाही गर्नुपर्ने देखिएमा अनुगमन टोलीले सम्बन्धित व्यवसायीसँग तुरुन्त लिखित स्पष्टीकरण माग गर्न सक्नेछ।

(ग) अनुगमन टोलीको प्रतिवेदन वा नमुना परीक्षणबाट प्राप्त तथ्यका आधारमा मुद्दा दायर गर्नुपर्ने देखिएमा प्रचलित कानून बमोजिम अनुसंन्धान अधिकृत तोकी मुद्दा दायर गर्न समितिबाट निर्णय गराई यथाशिघ्र अभियोजन अधिकारी समक्ष आवश्यक कागजात सहित लेखी पठाउनु पर्नेछ ।

(घ) बुँदा नं. १४ (ग) बमोजिम लेखी आएमा सम्बन्धित अधिकारीले प्रचलित कानून बमोजिम प्रक्रिया पुरा गरी सम्बन्धित निकायमा मुद्दा दायर गर्नुपर्नेछ ।

(ङ) बुँदा नं. १४ (क) बमोजिम अनुगमन टोलीले अखाद्य वस्तु वा अन्य वस्तु नष्ट गर्दा लागेको खर्च सम्बन्धित कसुरवालाबाट असुल उपर गरिने छ ।

(च) अनुगमन गरिएका माल वस्तुको प्रकृति अनुसार मुचुल्का उठाउनु पर्नेमा मुचुल्का उठाउने, चेकलिष्ट अनुसार भए नभएको हेर्ने र नमुना परीक्षण लिनुपर्नेमा नगर सभाबाट स्वीकृत कानून र प्रचलित कानून बमोजिम हुनेछ ।

(छ) निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा उपभोग्य वस्तु रोक्का राख्नु पर्ने भएमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र उपमहानगरसभाबाट स्वीकृत कानूनमा व्यवस्था भएकोमा सोही बमोजिम र उल्लेख नभएकोमा प्रचलित कानून बमोजिम गर्नुपर्नेछ ।

(ज) वस्तु वा मालसामान सिलबन्दी गर्नुपर्दा खाद्य नियमावली, २०२७ को नियम १३ वा उपभोक्ता संरक्षण नियमावली, २०५६ को नियम २८, २९ वा नेपाल गुणस्तर ऐन २०३७ वा स्ट्याण्डर्ड नापतौल ऐन, २०२५ मा असर नपर्ने गरी यसको प्रस्तावना अनुसार वा स्थानीय सरकार संचालन ऐन, २०७४ वा नगर सभाबाट स्वीकृत कानूनमा व्यवस्था भएकोमा समेत सोही बमोजिम हुनेछ ।

(झ) खाद्य प्रशोधन गर्न आवश्यक पर्ने कुनै उपकरण जडान भै कुनै वस्तु वा पदार्थको उत्पादन गरिएकोमा अनुगमन गर्ने निकायले उत्पादन, प्रशोधन कानून बमोजिम भए नभएको हेरी, नभएको भए त्यस्तो स्थानमा सिलवन्दी गर्न सक्नेछ । यसरी सिलबन्दी गरिएकोमा प्रशोधन उद्योगलाई निश्चित समयावधि दिई आवश्यक मापदण्ड पुरा गरी सुधार गर्न निर्देशन दिन सकिनेछ ।

(ञ) यस निर्देशिका बमोजिम दिइएको निर्देशन सम्वन्धित उद्योगले सुधारात्मक रुपमा पालना गरी सिलबन्दी हटाई पाउँ भनी निवेदन दिएमा अनुगमन गरी सुधार भएको देखिएमा सिलबन्दी हटाउने आदेश दिन सक्नेछ ।

## परिच्छेद -५
## अनुगमन टोलीको आचार संहिता

१५. अनुगमन टोलीले निम्न बमोजिमको आचार संहिता पालना गर्नुपर्नेछ ।

(क) अनुगमन टोलीले अनुगमन गर्ने स्थल र अनुगमन गरिने वस्तुको बारेमा अनुगमन टोलीका सदस्य बाहेक अरु कसैलाई सूचना वा जानकारी गराउनु हुँदैन । कसैले कुनै प्रकारको कसुर गरेको छ भन्ने सूचना र सोको प्रमाण गोप्य राखी अनुगमन गर्नु टोलीका सदस्यको कर्तव्य हुने छ ।

(ख) अनुगमन टोलीका कुनै पनि सदस्यले व्यक्तिगत स्वार्थ निहित रहेको वा नाता सम्वन्धका ब्यक्ति वा संस्थाको अनुगमनमा आवद्ध हुनुँहुदैन ।

(ग) अनुगमन कार्यमा संलग्न कुनै पनि सदस्यले अनुगमनसँग सरोकार राख्ने कुनै पनि व्यक्ति वा संस्थासँग पुरस्कार वा चन्दा वा दान वा उपहार स्वीकार गर्नु हुँदैन ।

(घ) कुनै किसिमको प्रलोभन वा मोलाहिजामा पर्नु हुँदैन ।

(ङ) अनुगमन टोलीले गर्ने काम कारवाहीको सूचना अनुगमन टोलीको नेतृत्व गर्ने व्यक्तिबाट मात्र प्रवाह गर्नुपर्ने छ । अनुगमन टोलीमा रहने अन्य सदस्यहरुको बारेमा कुनै सूचना प्रवाह गर्नुहुँदैन ।

(च) बजार अनुगमन गर्दा अनुगमन टोलीका पदाधिकारीहरु सेवा प्रदायक समक्ष मर्यादित तरिकाले प्रस्तुत हुनुपर्छ ।

(छ) अनुगमन टोलीका कुनै सदस्यले अनुगमन सम्बन्धी कार्य गर्दा गोप्यता भङ्ग गर्नु हुँदैन । गोप्यता भंग गर्ने कुनै कार्य गरेमा अनुगमन टोलीबाट हटाई प्रचलित कानून बमोजिम कारवाही गरिनेछ, र कर्मचारी भए विभागीय कारवाही समेत गरिने छ ।

(ज) मानव अधिकारवादीको क्षेत्रमा कृयाशील संस्था, उपभोक्ताको हकहित संरक्षण गर्ने कार्यमा संलग्न संस्था, पत्रकार तथा सञ्चारकर्मी वा सो संस्थाका प्रतिनिधि वा जो कोही व्यक्ति वा निकायले अनुगमन कार्यलाई सहयोग पुऱ्याउनु पर्नेछ ।

(झ) अनुगमनका क्रममा सामान जफत गर्ने, धुल्याउने वा नष्ट गर्ने वा सिलबन्दी गर्ने कार्य सम्पादन गर्नु पर्दा आधिकारिक निकायका कर्मचारी वा कानून बमोजिम अख्तियार प्राप्त प्रहरीद्वारा गर्नु पर्नेछ ।

## परिच्छेद-६
## उजुरी सम्बन्धी व्यवस्था

१६. **उजुरी दिन सक्ने** :

(क) कुनै वस्तु वा सेवाको विक्रेता वा प्रदायकले उपभोक्ताको हित विपरीत व्यापारिक क्रियाकलाप गरेको भनी कुनै पनि व्यक्तिले उपभोक्ता हित संरक्षण समिति वा बजार अनुगमन टोली वा कार्यालयको उपभोक्ता हित संरक्षण हेर्ने शाखा वा वडा कार्यालयमा मौखिक, लिखित सूचना वा उजुरी दिन सक्ने छ ।

(ख) माथि बुँदा (क) बमोजिमको निकायले उजुरी वा सार्वजनिक सञ्चार माध्यमबाट प्राप्त सूचनालाई उजुरीको रुपमा ग्रहण गरिने छ ।

(ग) बुँदा (क) वा (ख) बमोजिमको उजुरी वा अन्य कुनै सरकारी निकायबाट अनुगमनको लागि लेखी आएमा सो लाई समेत उजुरीको रुपमा ग्रहण गरी बजार अनुगमन टोलीले अनुगमन तथा निरीक्षण गर्नु पर्नेछ ।

(घ) बुँदा (ग) बमोजिम अनुगमन तथा निरीक्षण गर्दा विक्रेता वा सेवा प्रदायकले प्रचलित कानून वा मापदण्ड विपरीत व्यापारिक क्रियाकलाप गरेको पाइएमा तत्काल कारवाही चलाउनु पर्नेछ ।

(ङ) बुँदा (घ) बमोजिम अनुगमन टोलीले गरेको काम कारवाहीमा चित्त नबुझेमा विक्रेताले उपभोक्ता संरक्षण समिति समक्ष लिखित रुपमा उजुरी दिन सक्नेछ ।

## परिच्छेद -७
## विविध

१७. बजार अनुगमन समितिको कार्यक्रम तथा बजेटः

(क) उप-महानगरपालिकाले आफ्नो स्रोत, साधन र जनशक्ति प्रयोग हुने गरी बजार अनुगमनका लागि आवश्यक चेतनामूलक कार्यक्रम र बजेट प्राथमिकताका साथ बार्षिक कार्यक्रममा समावेश गर्नु पर्नेछ ।

(ख) नेपाल सरकारबाट बजार अनुगमनका लागि अनुदान प्राप्त भएमा सोही अनुसार कार्यक्रममा समावेश गर्नुपर्नेछ ।

(ग) बार्षिक कार्यक्रममा उपभोक्ता हित सम्बन्धी चेतनामूलक कार्यक्रम समेत समावेश गर्नु पर्नेछ ।

(घ) बजार अनुगमनको क्रममा नमुना संकलन गर्दा सेवा प्रदायकबाट सम्वन्धित बस्तुको विल भरपाई लिएर मात्र सामान लिनु पर्छ ।

**१८. स्थानीय प्रशासनले सहयोग गर्नु पर्ने :**

बजार अनुगमन गर्दा अनुगमन टोलीले सुरक्षा लगायतका आवश्यक सहयोग माग गरेमा तत्काल त्यस्तो सुरक्षा तथा सहयोग उपलब्ध गराउनु पर्नेछ ।

**१९. असल नियतले गरेका काम बचाऊः**

यस निर्देशिका बमोजिम बजार अनुगमन गर्दा असल नियतले गरेका कामको सम्बन्धमा टोलीका संयोजक तथा सदस्यहरु उपर कुनै कारवाही हुने छैन ।

**२०. प्रचलित कानून बमोजिम हुने :**

(क) यस निर्देशिकामा भएको व्यवस्थाले प्रचलित कानून बमोजिम हुने अन्य अनुगमन कार्यलाई बाधा पुऱ्याएको मानिने छैन र बाझिएको हदसम्म स्वतः प्रचलित कानून बमोजिम हुनेछ ।

**२१. दण्ड सजाय :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगर सभाबाट स्वीकृत कानूनमा व्यवस्था भएकोमा सोही बमोजिम र अन्यमा प्रचलित नेपाल कानूनको अधीनमा रही बजार अनुगमनबाट दोषी पाइएका व्यवशायी उपर कानूनी कारवाही र दण्ड सजाय हुने छ ।

**२२. प्रतिवेदन :**

(क) बजार अनुगमनको मासिक प्रगति प्रतिवेदन अनुसूची-३ अनुसार तयार गर्नुपर्नेछ ।

**२३. बाधा अड्काउ फुकाउने अधिकारः** यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा उपभोक्ता हित संरक्षण समितिको वैठकबाट निर्णयका लागि बाधा अड्काउ परेको विषय उल्लेख गरी उप-महानगरपालिका नगर कार्यपालिकामा पठाईने छ ।

**२४. संशोधनः** यस निर्देशिकामा आवश्यक संशोधन गर्ने अधिकार नगर कार्यपालिकाको हुनेछ ।

## अनुसूची -१
(दफा ५ सँग सम्बन्धित)

श्रीमान् प्रमुखज्यू
बुटवल उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुटवल ।

**विषयः- बजार अनुगमनको मासिक प्रतिवेदन ।**

आज मिति २० / / देखि २० / / सम्म निम्न स्थानहरुमा बजार अनुगमन गर्दा निम्नानुसार देखिएको व्यहोरा अनुरोध छ ।

| सि.नं. | अनुगमन गरिएको वडा र स्थान प्रोपाइटर/व्यक्ति/संस्था | अनुगमनको बिषय, क्षेत्र वा प्रकृति | विवरण परिमाण, अवस्था र अन्य आवश्यक कुरा | व्यवसायिक प्रतिष्ठान/संस्था | जफत/गरिएको वस्तु सेवाको नाम परिमाण/अवस्था | नमूना संकलन भए नाम, वस्तु सेवा परिमाण | नष्ट गरिएको भए वस्तु/सेवा/परिमाण र अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

**बोधार्थः**
श्री संयोजक
उपभोक्ता हित संरक्षण समिति ।
बुटवल उप-महानगरपालिका ।

## अनुसूची -२
### (दफा ९ सँग सम्बन्धित)

(अ) अनुगमन गरिने वस्तुको वर्गीकरण: बजार अनुगमनको क्रममा बिभिन्न उपभोग्य वस्तु तथा सेवाको अनुगमन गर्नु पर्ने भएकाले उपभोग्य वस्तु तथा सेवाको निम्नानुसार वर्गीकरण गरिएको छ ।

**समूह "क" -खाद्यान्न माछा/मासुजन्य/तरकारी फलफूल/दैनिक उपभोग्य**

(१) खाद्यान्न तथा खाद्य पदार्थहरु नुन, चिनी, चिया, कफी, मह, प्रशोधित पानी आदि ।
(२) अप्रशोधित, अर्धप्रशोधित वा प्रशोधित खाद्य पदार्थहरु,
(३) प्रशोधित खाद्य पदार्थ उत्पादन गर्न प्रयोग गरिने कच्चा पदार्थ,
(४) खाद्य पदार्थ उत्पादन गर्ने उद्योग,
(५) खाद्य पदार्थ विक्री वितरण गरिने विक्रीस्थल र भण्डार गृह वा संचय स्थल,
(६) खाने तेल, घ्यु (वनस्पती घ्यु समेत),
(७) दुध तथा दुग्ध पदार्थहरु र दुध प्याकिङ्ग गर्न प्रयोग हुने प्लाष्टिक पाउचहरु,
(८) माछा, मासु, अण्डा,
(९) मसलाजन्य पदार्थहरु (जिरा, मरिच, अदुवा, लसुन, धनिया, बेसार, ज्वानो, मेथी, ल्वाङ, सुकुमेल, अलैंची, दाल्चिनी र खुर्सानी लगायतका मसलाको रुपमा उपभोग गरिने पदार्थहरु ।

**समूह "ख" औषधि एवं स्वास्थ्य सेवा**

(१) औषधि तथा औषधिजन्य पदार्थहरु (पशुपंक्षी औषधि तथा जडिबुटीमा आधारित औषधि समेत),
(२) औषधि उत्पादन गर्ने उद्योग तथा बिक्री वितरण गरिने स्थल,
(३) अस्पताल, नर्सिङ्होम, क्लिनिक आदि स्वास्थ्य सेवा प्रदायक सस्थाहरु ।

**समूह "ग" रासायनिक मल/विषादी/वीउ बिजन/कृषि औजार :**

(१) पशुपंक्षी आहार र त्यसमा प्रयोग हुने कच्चा पदार्थहरु समेत,
(२) रासायनिक मल, विषादी, बीउविजन, कृषि औजारहरु, समूह

**"घ"इन्धन:**

(१) इन्धन भण्डारण, पेट्रोलियम पदार्थको नापतौल, गुणस्तर मूल्य तथा मापदण्डहरुको परिपालना,

**समूह "ङ" निर्माण सामग्री:**

(१) ढुङ्गा, इँटा, गिट्टी, बालुवा लगायतका निर्माण सामग्री तथा सोसँग सम्बन्धित उद्योग, भण्डारण स्थल र बिक्री वितरण स्थल ।

**समूह "च"शैक्षिक सामग्री :**

(१) पाठ्य सामग्री, स्टेशनरी लगायतका शैक्षिक सामग्रीहरु । (२) शिक्षा निर्देशिका अनुसार विद्यालयहरुको शुल्क आदि ।

**समूह "छ"होटल/लज/ रेष्टुरा/ खाजा घर /चमेना गृह/लज :**

(१) होटल/रेष्टुरा/खाजाघर/चमेना गृह/लजको सरसफाइ तथा अन्य व्यवस्थापन डान्सबार, मनोरञ्जन स्थल, दोहोरी साझँ, खाजाघर, मसाज घर आदि ।
(२) प्रशोधित र अप्रशोधित वस्तुहरुको भण्डारण

(३) होटल, रेष्टुरा तथा मिठाई पसलहरुमा बिक्री हुने पकवान तथा प्याकेजिङ्ग गरी बिक्री हुने खाद्य पदार्थहरु, हल्का पेय पदार्थहरु, मदिराजन्य पदार्थ ।

**समूह “ज”सुर्तिजन्य पदार्थः**

(१) सुपारी, पानपराग, सुर्ती, विडी, चुरोट तथा सुर्तीजन्य पदार्थ । समूह “झ”नाप तौलः ( १) ढक, तराजु लगायतका नापतौलमा प्रयोग हुने उपकरणहरु ।

**समूह “ञ”पशुपंक्षी हाट बजारः**

(१) पशुपंक्षी हाटबजार तथा बिक्री स्थल ।

**समूह “ट”सौन्दर्य सामग्रीः**

(१) विभिन्न प्रकारका सौन्दर्य सामग्रीहरु

(२) व्युटि पार्लर/सैलुन आदि ।

**समूह “ठ” विद्युतीय सामानहरुः**

(१) विद्युतीय सामानहरु,

(२) इलेक्ट्रोनिक्स सामानहरु ।

**समूह “ड”रङ्ग/रोगनः**

(१) विभिन्न कम्पनीका भवन सम्बन्धी रङ्ग र रङ्ग रोगन सम्बन्धी सामग्रीहरु ।

**समूह “ढ”गरगहना :**

(१) सुन, चाँदी, हिरा, मोती, जवाहरत तथा सोबाट निर्मित गर गहनाहरुको नापतौल एंवम् गुणस्तर ।

**समूह “ण”सवारी साधन**

(१) ट्याक्सी मिटर शुल्क, नगर बस, ट्र्याक्टर, ट्रक, मिनी ट्रक, भ्यान, ट्याक्सी, मोटर साइकल आदिको भाडा ।

**समूह “त”अन्यः**

(१) अन्य उपभोग्य वस्तुहरुको उत्पादन स्थल, प्रशोधन स्थल, ढुवानीको अवस्था, बिक्री स्थलहरु, अनुगमन गरिने सेवाको विवरण :

(१) व्यापारिक सेवा,

(२) सञ्चार सेवा,

(३) स्थल यातायात तथा हवाई सेवा,

(४) विद्युत सेवा,

(५) खानेपानी सेवा,

(६) विज्ञापन सेवा अन्य उपभोग्य सेवाहरु,

(७) स्वास्थ्य सेवा,

(८) शिक्षा सेवा,

(९) वित्तीय सेवाहरु ।

## अनुसूची - ३
## (दफा १० सँग सम्बन्धित)

दैनिक बजार अनुगमन फारम (बजार अनुगमन फारमको प्रमाणित प्रति सम्बन्धित व्यवशायीलाई दिनु पर्नेछ)

मिति :

व्यापारिक प्रतिष्ठानको नाम :
श्री ठेगाना : प्रोप्राइटर वा फर्मधनीको नाम :
फोन नं.:

यस कार्यालयको नेतृत्वमा खटिएको बजार अनुगमन टोलीबाट तपाईको विक्रीस्थल/गोदाम/उद्योगको निरीक्षण गर्दा निम्न अनुरुपको स्थिति भेटिएकोले देहायअनुसार गर्नु गराउनु हुन निर्देशन दिइएको छ।

क्र.सं. विवरण भएको नभएको टोलीबाट दिइएको निर्देशन

१. मूल्य-सूची
२. साइनबोर्ड
३. व्यवशायदर्ता/नवीकरण
४. नापतौलको प्रमाण
५. लेबलमा खुलाउनुपर्ने कुराहरु स्पष्ट उल्लेख भए/नभएको
६. म्याद नाघेको सामग्री
७. स्थायी लेखा (PAN) नम्बर/राजस्वमा दर्ता
८. बिक्री बिल दिने प्रक्रिया भए/नभएको
९. खाद्य अनुज्ञा-पत्र (खाद्य उद्योगको लागि)
१०. मासुको गुणस्तर सन्तोषजनक भए/नभएको
११. मिठाईको गुणस्तर लगायतका पक्षहरु सन्तोषजनक
१२. ग्याँसको तौल, मूल्य लगायतका विषय सन्तोषजनक
१३. खरिद बिल/नभएको
१४. यस अगाडिको निर्देशनमा पालना भए नभएको।
१५. अन्य कैफियतपूर्ण स्थिति (खुलाउने) एक पटक दिइएका निर्देशनहरु पुनः अनुगमन गर्दा पालना नभएको पाइएमा प्रचलित कानून बमोजिम कडा कारबाही हुनेछ।

**निरीक्षण टोली**

१. संयोजक श्री ..........................
२. सदस्य श्री ............................
३. सदस्य श्री ............................
४. सदस्य श्री ............................
५. सदस्य श्री..............................

माथि उल्लेखित विवरण ठिक छ भनी उत्पादक/बिक्रेताको नाम र सही प्रतिष्ठानको छाप

## अनुसूची- ४
(दफा १४ सँग सम्बन्धित)

तारेख भरपाई पक्षः........................................ विपक्षःजिल्ला ...................... गाउँपालिका वा म.न.पा................वडा नं. ................ स्थायी घर भई हाल ..................................... जिल्ला .......................................................गाउँपालिका वा न.पा वडा नं...........बस्ने श्री ................................... का नाति/नातिनी श्री ...................................का छोरा/छोरी बर्ष .......को .................................. नामक व्यवशायका सञ्चालक श्री ............................. सम्पर्क नं. ....................।
तारेख मिति ........साल ....... महिना .... गते .........रोज दिनको समय ................बजे उपस्थित हुने छु भनी सही छाप गर्ने ।
हस्ताक्षर :

नामः मिति...................... साल......................महिना......................गते ..........रोज दिनको समय ..........बजे उपस्थितहुनेछु भनी सही छाप गर्ने ।
हस्ताक्षरः

नामः मिति ...................... साल ......................महिना .................. गते ..........रोज दिनको समय ..........बजे उपस्थित हुनेछु भनी सही छाप गर्ने ।
हस्ताक्षरः

## अनुसूची - ५
## (दफा १४ सँग सम्बन्धित)

मुचुल्का ............... जिल्ला .................. उप.म.न.पा. ....................... वडा नं. ........... टोल................मा खडा गरेको घटनास्थल/बरामदी/खानतलासी/शिलछाप लगाएको मुचुल्का :-

१. उजुरी वा सूचनाको छोटकरी विवरण:-

२. चार किल्ला सहित खानतलासी/बरामदी गरिएको चिज वस्तुको नमुना तथा ठाउँको विवरण:-

३. बरामद भएको सामान/दसीको विवरण/शिलछाप गरिएको विवरण:

४. खानतलासी/बरामदी भएको देखे बमोजिम सही छाप गर्ने साक्षी :- (नाम, वतन समेत)

(क)

(ख)

(ग)

५. रोहबरमा बस्नेहरुको नाम, थर, उमेर, वतन र सहि छाप:-

(क)

(ख)

(ग)

६. निरीक्षण टालीले मेरो उद्योग, गोदाम,पसलमा अनुगमन गर्दा कुनै सामान हिनामिना भएको
छैन । माथि प्रकरण ३ मा उल्लेख भएको चिज वस्तु तथा ामानहरु...............उद्योग, गोदाम, पसलबाट बरामद भएको हो । साथै टोलीले लगाएको शिल थान.........छाप भएको ठिक साँचो हो भनि सहिछाप गर्ने:-

(क)

(ख)

(ग)

**७. काम तामेली गर्ने:-**

(क)

(ख)

(ग)

मिति:- समय:-

**आज्ञाले**

प्रमाणीकरण मिति: २०७५/०७/२६

**राजेन्द्र सिग्देल**

**नि. प्रमुख प्रशासकीय अधिकृत**